**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १७ अक्तूबर २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

प्रधानमन्त्री नरेन्द्र मोदीले भाषा, साहित्य, कला र आध्यात्मिकता जस्ता सांस्कृतिक स्तम्भहरूले कुनै पनि देशको पहिचान बनाउने बताउनु भएको छ।

सीबीआईले आर.जी. कर मेडिकल कलेज तथा अस्पतालमा भइरहेको वित्तीय भ्रष्टाचारको अनुसन्धान अन्तर्गत राज्यलाई दुई डाक्टरहरूको नाम पठाएको छ।

लङ्भ्यु चियाबारीका श्रमिकहरूको समस्याहरू समाधान गर्न भागोप्रमो र गोरामुमोका ट्रेड युनियनहरूको आज संयुक्त सभा सम्पन्न भयो।

बंगालको खाडीमा बनेको न्यून चापको कारणले दक्षिण र उत्तर बंगालमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ।

**प्रधानमन्त्री**

प्रधानमन्त्री नरेन्द्र मोदीले भाषा, साहित्य, कला र आध्यात्मिकता जस्ता सांस्कृतिक स्तम्भहरूले कुनै पनि देशको पहिचान बनाउने बताउनु भएको छ। उहाँले अन्तर्राष्ट्रिय अभिधम्म दिवसमा भगवान बुद्धका शिक्षाहरूको उल्लेख गर्दै भन्नु समस्याहरूको समाधान युद्धमा होइन, तर बुद्धका शान्ति शिक्षाहरूमा खोज्नु पर्छ। श्री मोदीले भारत २०४७ सम्म एक विकसित देशको रूपमा उभिनेछ अनि यस यात्रामा बुद्धको शिक्षाबाट प्रेरणा लिए सकारात्मक परिवर्तन हुने बताउनु भएको छ।

****** o ******

**उत्तर बंगाल चिया बागान**

उत्तर बंगालमा बंद चिया बगानहरुको संख्या बढ़ने क्रम जारी छ । हाल पहाड़, तराई अनि डुआर्सका कुल 25 चिया बगानहरु बंद छन्। यी मध्ये नौ वटा चिया बगानहरु पछिलो तीन महिनामा बन्द भएको हो । सबसे भन्दा धैरै समस्या देशमा चिया उद्योगको प्रतीक मानिने दार्जिलिंगमा भएको छ । यस वर्ष पूजा बोनसलाई लिएर सात वटा चिया बगानहरु बन्द भएको थियो । वर्तमानमा बगान बन्द सूचीमा अलीपुरद्वार जिल्लाको ढेकला-पाड़ा, लंका-पाड़ा, राम-झोडा, दलमोर, कलचीनी, रायमातंग, दलसिंग-पारा, तोर्शा अनि महुआ शामिल छन्। अलीपुरद्वार जिल्लाको बन्द बागानहरुको कुल संख्या हालमा नौ छन्। जलपाईगुड़ी जिल्लाको रायपुर अनि सोनाली चिया बगान पनि बन्द छन्। जबकि पहाड़मा धोतरिया, रंगमुक सिडर, मुंडा-कोठी, नागरी, चुन्थुंग, पानीघाटा, अंबुटिया, सिंगताम, रिंगटांग, पान्दम, पेशोक, कुमाई अनि लॉन्गव्यू बागान बन्द छन्। पहाड़मा हाल कुल 14 चिया बागानहरु बन्द छन् । दार्जिलिंगका सांसद राजू बिष्टले केंद्रीय वाणिज्य एवं उद्योग मंत्री पीयूष गोयल अनि मुख्यमंत्री ममता बनर्जीलाई पत्र लेखेर बन्द बागानको समस्यामा हस्तक्षेप गर्ने मांग गर्नुभएको छ। दार्जिलिंग तराई-डुवार्स प्लांटेशन लेबर यूनियनका महासचिव सूरज सुब्बाले हजारों पहाड़का चिया श्रमिकहरु संकटमा रहेको बताउनु भएको छ । भारतीय टी वर्कर्स यूनियनका चेयरमैन अनि अलीपुरद्वारका सांसद मनोज तिग्गाले चिया बागान प्रति राज्य सरकारको रवैया सदैव उदासीन रहेको बताउनुभयो । उहाँ बन्द चिया बागानको बढ़दो संख्या बाट चिंतित रहेको बताउनुभयो। तृणमूल चिया बागान श्रमिक यूनियनका केंद्रीय कमेटीका चेयरमैन नकुल सोनार ले यस पल्ट सरकार चिया बागानको समस्याहरुको पहिचान गरि समाधान गर्ने बताउनु भयो ।

**खरसाङ कालो चितुवा**

दार्जीलिङको पद्मजा नायडु हिमालयन जूलोजिकल पार्क रातो पाण्डा संरक्षणको लागि विश्वभरि नै प्रसिद्ध भएको छ। यसबीच खरसाङको सड़कमा कालो चितुवा देखिएको छ जसबाट वन विभाग सहित सम्पूर्ण क्षेत्रमा हर्ष छाएको छ। केही दिनअघि भोटान संलग्न सिक्किमको पहाड़मा रोयल बंगाल टाइगरको अस्तित्व पाइएको थियो। परिणामस्वरूप पहाड़ जंगली जनावरहरूको विचरणको लागि आदर्श स्थान बन्दै गइरहेको छ। कतै रोयल बंगाल टाइगर त कतै ब्ल्याक लेपर्ड, एकपछि अर्को जंगली जनावरहरू क्यामरामा कैद भइरहेका छन्। गत सोमवार खरसाङको बागोडा जंगल संलग्न सड़कमा एउटा कालो चितुवा मोबाइल फोनको क्यामरामा कैद भएको छ। वन अधिकारीहरूले यथार्थ थाहा पाउनको लागि जाँच शुरू गरेको थियो । डीएफओ देवेश पाण्डेले बताउनुभए अनुसार, विभिन्न अनुसन्धानको माध्यमबाट भीडियोको प्रामाणिकताको पत्तो लागेको छ। क्षेत्रमा एक वा एकभन्दा अधिक कालो चितुवा छ जसको खोजी गरिँदैछ। यसपूर्व गिद्द पहाडमा पनि कालो चितुवा देखिएको थियो जसलाई ध्यानमा गर्दै वन विभाग यस कुराको जाँचमा जुटेको छ कि खरसाङमा कालो चितुवाले प्रजनन गरिरहेको छ कि छैन।

**जूनियर डॉक्टरहरुले 'सामूहिक हस्ताक्षर संग्रह'**

कोलकाताको धर्मतलामा आफ्नु 10 प्रमुख मांगहरुको समर्थनमा जूनियर डॉक्टरहरुले 'सामूहिक हस्ताक्षर संग्रह' अभियान शुरू गरेको छ। यस अभियानको शुरुआत आज दिउसो 12 बजे अनशनमंच गरेर भएको थियो। यस कार्यक्रमको तहत आम जनताले आफ्नु हस्ताक्षर गरेर डॉक्टरहरुको मांगको समर्थन गर्न सक्नेछन् । बुधवार राती कोलकाता मेडिकल कॉलेजमा जूनियर डॉक्टरहरुको एक बैठक भएको थियो, जसमा यस नयाँ आंदोलनको योजना तैयार गरिएको थियो। डॉक्टरहरुले यस आन्दोलन बाट जनतालाई आफ्नु मांग सँग अवगत गराउन चाहेको अनि आम मानिसको समर्थनको आशा राखेको बताएको छ । धर्मतलाका चार अलग-अलग स्थानहरुमा मानिसहरुले आफ्नु विचार अनि समर्थन दर्ता गर्न सक्नेछन्।

**आर जी कर**

कोलकातामा सुरक्षा र न्यायको माग गर्दै जुनियर डाक्टरहरूको अनशन आज १३औँ दिनमा प्रवेश गरेको छ। यो अनशन आरजी कर मेडिकल कलेज तथा अस्पतालमा एक महिला डाक्टरमाथि बलात्कार र हत्या भएको घटनामा न्याय अनि कार्यस्थलमा सुरक्षा सुनिश्चित गर्न माग गर्दै गरिएको हो। डाक्टर सुवेन्दु मल्लिकका अनुसार, हालसम्म छ जना डाक्टरहरूको स्वास्थ्य बिग्रँदा तिनीहरूलाई अस्पताल भर्ना गर्नु परेको छ, जबकि आठ जना डाक्टरहरू अनिश्चितकालीन अनशनमा छन्। डाक्टरहरूको अन्य मागमा स्वास्थ्य सचिव एनएस निगमलाई हटाइने, अस्पतालहरूका लागि केन्द्रीकृत रेफरल प्रणाली, सीसीटीभी र अन्य सुरक्षा सुविधा, अस्पताल परिसरमा महिला पुलिस तैनात गराईने अनि खाली पदहरू चाँडै भरिनुपर्ने कुरा समावेश छन्। अर्को तर्फा आरजी कार मेडिकल कलेज तथा अस्पतालबाट २९ सिविक वॉलंटियर्सलाई ड्यूटीबाट हटाइएको छ। कोलकाता उनीहरुको स्थानमा सुरक्षा व्यवस्था मिलाउन थप पुलिस परिचालन गरिएको छ। भर्खरै सर्वोच्च अदालतले अस्पताल, विद्यालयजस्ता संवेदनशील स्थानमा नागरिक स्वयंसेवक तैनाथ गर्न नहुने आदेश दिएको छ।

****** ० ******

**लङ्‌भ्यु सभा**

लङ्‌भ्यु चियाबारीका श्रमिकहरूको बाँकी बोनस लगायत अन्य समस्याहरू समाधान गर्न र बगान पुनः सञ्चालन गर्न भागोप्रमो र गोरामुमोका ट्रेड युनियनहरूको आज संयुक्त सभा सम्पन्न भयो। सभा सन्तमेरिज तीन ग्राम पञ्चायतका प्रधान तथा भागोप्रमो ट्रेड युनियनका संयोजक मणिराज डुम्जनको अध्यक्षतामा भएको थियो। आजको सभामा श्रमिकहरूको अधिकार दिलाउन अनि चियाबारीका समस्याहरू समाधान गर्न कोलकातासम्म जाने अनि बगान खोलाउने पहल गर्ने निर्णय लिइएको छ।

****** ० ******

**लङभिउ ज्ञापन पत्र**

लङभिउ चिया बगानका श्रमिकहरूको विभिन्न विषयको समस्याको समाधान गर्नको निम्ति जोईन्ट फोरमको तर्फबाट राज्य सरकारको लेबर मिनिस्ट्रीटा एडीस्नल लेबर कमिश्नरलाई एक ज्ञापन पत्र बुझाईएको छ। यस ज्ञापन पत्रमा राज्य सरकारको लेबर मिनिस्ट्रीले एक त्रिपक्षीय वार्ता डाकेर लङभिउ चिया बगानका श्रमिकहरूको समस्या चाँडो भन्दा चाँडो समाधान गरिदियाजाओस् भनी उल्लेख गरिएको जोईन्ट फोरमको तर्फबाट एक भिडियोमार्फत जानकारी दिएका छन्।

****** ० ******

**दार्जिलिंग बाल्मिकी दिवस**

दार्जिलिंग बाल्मिकी समाजले आज ऋषि बाल्मिकीको जन्म जयन्ति को अवसरमा दार्जिलिंगमा एउटा शोभा यात्रा निकाल्यो| यो शोभा यात्रा डा जाकिर हुस्सेन रोड स्थित बाल्मिकी समाज घर बाट आरम्भ भएर आर एन सिंह रोड अनि चौक बजार हुँदै नगर परिक्रमा गरेर पुन बाल्मिकी समाज घर मा सम्पन्न भयो| महा ऋषि बाल्मिकीको जन्म जयन्ति बर्सौनी हरिजन समाजले मनाउन्दै आइ रहेको छ| यस शोभा यात्रामा अन्य संग संस्थान तथा समुदायका मानिसहरु पनि सामेल भएका थिए| बाल्मिकी जयन्तीको कार्यक्रम हिजो देखि नै आरम्भ भएको थियो|

****** ० ******

**जोरबङलो पुलिस**

जोरबङलो पुलिसले हिजो राति एक पिक-अप चालकलाई मादक पदार्थका साथ पक्राउ गरेको जानकारी प्राप्त भएको छ। उक्त पिक अपमा लगभग दुई लाखभन्दा बढी रुपियाँको मादक पदार्थ रहेको जानकारी प्राप्त भएको छ। हिजो राति जोरबङलो क्षेत्रमा जोरबङलो पुलिसको नाका चेकिङको क्रममा घुम नजिक भेडि-खानबाट उक्त चालकलाई पक्राउ गरिएको हो। चालक बदमताम लामास नवार धुराको वासिन्दा रहेको थाह लागेको छ भने चालक विरूद्ध पुलिसले कार्वाही शुरू गरिएको थाह लागेको छ।

****** ० ******

**सिलगढी चोरी**

सिलगढीको भक्तिनगर थानाको पुलिसले निर्माणाधिन बहुतले भवनमा चोरी गरेको आरोपमा दुईजनालाई हिज अबेर राति पक्राउ गरेको छ। यी आरोपीहरू भोला मोड़ अनि बोतल कम्पनीका निवासीका रूपमा भएको छ। पुलिस सूत्र अनुसार सिलगढ़ीको ईस्टर्न बाइपास बोतल कम्पनी क्षेत्रमा एक निर्माणाधिन बहुतले भवनमा पूजा अवधि भारी मात्रामा फलामका रडहरू चोरी भएको थियो जसको कारण हिज थानामा प्रथामिकि दर्ता गरिएको थियो। थानामा प्रथामिकि दर्ता भएको केही घण्टापछि नै दुईजना आरोपीहरूलाई पक्राउ गरियो। आरोपीहरूसित सोद्पुछ गरिएपछि 100 किलो फलामको रड सहित चोरीका अन्य सामानहरू जफत गरियो।

****** ० ******

**रेलिङ**

रेलिङ ग्राम पञ्चायत अन्तर्गत अप्पर साम्सु शेर्पा गाउँमा अविरल वर्षाका कारण अधिकांश गाउँ नै चर्केर बग्ने स्थिति भएको छ। आज क्षेत्रीय सभासद सतिश पोखरेल र ग्राम प्रधान सारिका राईले प्रभावित क्षेत्रको निरीक्षण गर्दै शीघ्र सहयोगको आश्वासन दिनु भएको छ। गाउँवासीहरूले विभागसँग सहयोगको माग गरेका छन्।

****** ० ******

**मौसम**

बंगालको खाडीमा बनेको न्यून चापको कारणले दक्षिण र उत्तर बंगालमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। अलीपुर मौसम विभागका अनुसार, आगामी २४ घण्टामा दक्षिण बंगालका तटीय क्षेत्रहरू र उत्तर बंगालका जिल्लाहरू — दार्जिलिङ, अलीपुरद्वार, कूचबिहार, जलपाईगुड़ीमा वर्षा हुन सक्ने छ।

****** ० ******